फोनः०५६-४१०१२२/४१०१११
इमेलःichchhakamanaruralmun@gmail.com
वेबसाइटः ichchhakamanamun.gov.np

# इच्छाकामना गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन बागमती प्रदेश, नेपाल

प.सं. २०८०/८१
च.नं. ११०८

मितिः२०८०/१०/०८

विषयः निबन्ध लेखन प्रतियोगिता सम्बन्धी सूचना ।

श्री सबै माध्यमिक विद्यालय
इच्छाकामना गाउँपालिका कुरिनटार, चितवन

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौडा,मकवानपुरको चलानी नं.२४१५,मिति २०८०/१०/०५ को पत्र अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तेत्तीसौं स्थापना दिवश(२०८०माघ २८)को उपलक्ष्यमा आयोजना हुने माद्यमिक स्तरीय निबन्ध प्रतियोगितामा यसपालिका अन्तर्गतका सबै माध्यमिक विद्यालयहरुले माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुलाई उक्त प्रतियोगीतामा देहाय बमोजिम सहभागी गराउनु हुन अनुरोध छ ।

तारापति खरेल
शिक्षा अधिकृत आठौं तह

निबन्धको शीर्षकः"भ्रष्टाचार नियन्त्रण र सुशासन प्रबर्द्धन"
निबन्ध उपलब्ध गराउने ठेगाना र सम्पर्क नं-अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौडा,मकवानपुर
इमेल ciaamro@gmail.com फोन ९८४३५९०४१३ र ९८४५३८९१४१
निबन्ध पठाउने अन्तिम मितिः २०८०/१०/१९
निबन्ध लेखन प्रतियोगिता सम्बन्धी सूचना यसै साथ संलग्न छ । विस्तृत सूचनाका लागी आयोगको वेबसाइट www.ciaa.gov.np मा हेर्नु हुन ।

बोधार्थ;
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौडा,मकवानपुर

## अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,
## हेटौंडा मकवानपुर

### निवन्ध लेखन प्रतियोगिता सम्बन्धी सूचना

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तेत्तीसौं स्थापना दिवस-२०८० (२०८० माघ २८) को उपलक्ष्यमा माध्यामिक तह स्तरीय निबन्ध लेखन प्रतियोगिता आयोजना गरिएकोले सहभागिताको लागि आव्हान गरिएको छ ।

१. निवन्धको शीर्षकः- निवन्धको शीर्षक "भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन" रहेको छ ।(निबन्ध मौलिक र अप्रकाशित हुनुपर्नेछ)

२. विद्यार्थी सहभागी हुन पाउने जिल्लाहरुः- रौतहट, बारा, पर्सा, मकवानपुर, चितवन, धादिङ, रसुवा, नुवाकोट, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा, काठमाडौं, भक्तपुर र ललितपुर ।

३. प्रतियोगिताका सहभागीः- माथि उल्लेखित १४ वटा जिल्लाका कक्षा ९ देखि कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीहरु ।

४. निबन्धको शब्द सीमाः- निबन्ध २००० देखि बढीमा २५०० शब्दमा नबढाई लेखिएको हुनुपर्नेछ ।

५. निबन्धको भाषाः- निबन्ध नेपाली भाषामा लेखिएको हुनुपर्नेछ ।

६. प्रतियोगितामा सहभागी हुने प्रक्रियाः प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीले आफूले लेखेको निबन्ध साथ आफ्नो नाम थर, ठेगाना, विद्यालयको नाम र ठेगाना, अध्ययनरत कक्षा र सम्पर्क फोन नम्बर उल्लेख गरी विद्यालयबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडालाई सम्बोधन गरी लेखिएको सिफारिस पत्र समेत संलग्न राखी यस कार्यालयमा पठाउनुपर्ने वा इमेल गर्नुपर्नेछ।

७. निबन्ध उपलब्ध गराउने ठेगाना र सम्पर्क नम्बरः-
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा, मकवानपुर ।
इमेल ठेगानाः ciaamro@gmail.com, सम्पर्क नम्बरः ०५७-५२१७४४, ०५७-५२१६५५, वि.नि.श्री इन्द्र प्रसाद भट्टराई ९८४३५९०४१३ , ना.सु श्री यमुना बस्नेत ९८४५३८९१४१

८. निबन्ध पठाउने अन्तिम मितिः- प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीहरुले आफूले लेखेको निबन्ध मिति २०८० साल माघ १९ गतेसम्म माथि उल्लिखित ठेगानामा आइपुग्ने गरी पठाउनु पर्ने वा इमेल गर्नुपर्नेछ।

९. पुरस्कारः प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय स्थान हासिल गर्ने विद्यार्थीलाई देहायबमोजिम नगद पुरस्कार प्रदान गरिनेछ ।

| | |
|---|---|
| क) प्रथमः रु १५,०००।- (पन्ध्र हजार) | १ जनालाई |
| ख) द्वितीयः रु.१२,०००।- ( बाह्र हजार) | १ जनालाई |
| ग) तृतीयः रु.१०,०००।- (दश हजार) | १ जनालाई |

१०.यो सूचना सम्बन्धि विस्तृत जानकारीको लागि आयोगको वेबसाइट www.ciaa.gov.np मा हेर्न सकिनेछ ।